GLOBAL COLLEGE OF MANAGEMENT

**दोस्रो त्रैमासिक परीक्षा-२०७२**

**कक्षा : ११** **विषय : अनिवार्य नेपाली** **पूर्णाङ्क : १००**

**समय : ३:०० घन्टा** **उत्तीर्णाङ्क : ४०**

**समूह : क**

१. कुनै एक प्रश्नको उत्तर दिनु होस् : **५**

(क) घोषत्व र प्राणत्वका आधारमा तलका वर्णहरूलाई चिनाउनु होस् :
च, ठ, ढ, व, ह ।

(ख) तल दिइएका शब्दको अक्षर संरचना र अक्षर संख्या समेत देखाउनु होस् :
विद्या , बानेश्वर, औपचारिक, विकेन्द्रीकरण, फल ।

२. शुद्ध गरी पुनर्लेखन गर्नु होस् : **५**

इच्छा त थियो तिमिलाई जीन्दगीमा एक चोटी मात्रै भय पनि पुस्पमय देख्ने रहर पुर्ण गर्न सकूँ, र सायद लाग्दै छ, यहाँ संयोगवस चढाउन सकिने फुलका जरा विसालु किराले धमाधम काटि रहेछ । तिमी नै भन सुनखानी, कहिले मेरो अँजुली भरिएला ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको पदवर्ग पहिचान गरी लेख्नु होस् : **३**

"जाबो बिरालोले गर्दा पो रछ त !" कालेकी आमाले भनी - " यै हैन त्यो बिरालो ?" सेतो बिरालो चुलाको तातोमा न्यानो मानेर भुत्ला चाट्दै बसि रहेको थियो ।

४. तलको अनुच्छेदबाट दुई ओटा तत्सम र दुई ओटा आगन्तुक शब्द टिपोट गर्नु होस् : **२**

पेट्रोल, डिजेल र बिजुली जस्ता इन्धनको अभावमा आम जन जीवन अस्त व्यस्त भएको छ । स्कुल र कलेजक विद्यार्थीहरूले मात्र होइन सामान्य गृहिणीहरूको दैनिकी पनि कठिन भएको छ । लोडसेडिङले समेत खाना पकाउन र सम्पूर्ण दैनिकी चलाउन समस्या भएको छ ।

५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : **२×३=६**

(क) तलको अनुच्छेदबाट तिन ओटा उपसर्ग व्युत्पन्न र तिन ओटा प्रत्यय व्युत्पन्न शब्द टिपी निर्माण प्रकिया समेत देखाउनु होस् :
कर्तव्य पथमा अविचलित भइ निरन्तर क्रियाशील हुनु कठिनतम कार्य हो । भौतिक सांसारिक सुखभोगबाट विमुख भएर बौद्धिक र अध्यात्मिक उन्नतितर्फ अग्रसर हुनेहरू नै महापुरुष हुन् ।

(ख) तलको अनुच्छेदबाट ३ ओटा समस्त शब्द तथा ३ ओटा द्वित्व शब्द टिपोट गरी समस्त शब्दलाई विग्रह र द्वित्व शब्दमा दोहोरिएको अंश लेख्नु होस् :
महापुरुषको सरसङ्गतबाट जीवनमा आइ पर्ने दुखसुखका तापबाट मुक्ति मिल्ला कि भनेर ठुलाबडा मानिससँग उठबस र सरसहयोग बढाउँदै गइयो । तर ती महपुरुष भनेर कहलाएका व्यक्तिका लीला देख्दा भने अहिले पानीपानी भइयो ।

(ग) तलको अनुच्छेदबाट ६ ओटा सन्धियुक्त शब्दहरू टिपोट गरी तिनको सन्धिविच्छेद समेत गर्नु होस् :
शुभेच्छाको काम नराम्रो होइन तर वृद्धाश्रमको सेवार्थ जुटेकाले प्रत्यक्ष उपार्जन नदेखिएको हो । सदाचारमा रहेर वयोवृद्धहरूलाई सेवा गर्ने उनको सोच वास्तवमै प्रशंसनीय छ ।

६. कुनै एक प्रश्नको उत्तर दिनु होस् : **५**

(क) तलको अनुच्छेदमा वाक्यलाई आवश्यक सुधार सहित पुलिङ्ग भए स्त्री लिङ्ग र स्त्री लिङ्ग भए पुलिङ्गमा परिवर्तन गर्नु होस् :
मेरो ज्ञानी भाइ विद्यालयमा पढछ । उसका साथीभाइ थुप्रै छन् । उसकी एक जना मन मिल्ने केटी साथी पनि रहिछ । ऊ पनि कहिले काहीं घरतिर आएकी देख्छु । केटी भलादमी र फुर्तिली नै रहिछ ।

(ख) तलको अनुच्छेदका वाक्यहरूलाई इच्छार्थ भावमा परिवर्तन गर्नु होस् :
नेपालले अबको दुई दसकभित्र उन्नति गर्छ । नेपालका ठुला ठुला नदीबाट जलविद्युत उत्पादन हुन्छ । विद्युतबाट चल्ने पूर्वपश्चिम बुलेट रेल दगुछर्न् । सबै जनताले स्वदेशमा नै रोजगार पाउँछन् । नाङ्गो भोको भई कसैले पनि मर्नु पर्दन ।

७. कुनै एक प्रश्नको उत्तर दिनु होस् : **६**

(क) **ले, लाई, बाट, को, लागि, मा** विभक्ति चिह्न प्रयोग गरी आफ्नो शैक्षिक भ्रमणकाबारेमा एक अनुच्छेदमा लेख्नु होस् ।

(ख) तलको अनुच्छेदका वाक्यहरूलाई संगति मिलाई पुनर्लेखन गर्नु होस् :
हामी पनि यो देशको सेवक हो । हामी पनि जनताको भलाइका लागि लडेको छु । मानिसहरूले हाम्रो कुरा किन बुझ्दैन । अब तपाइँ हामी पनि चुप लाग्दैन । म त सधैंभरि यही कुरा भन्दै छ ।

८. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : **२×४=८**

(क) तलका वाक्यको उद्देश्य र विधेय पहिचान गरी लेख्नु होस् :
(अ) सबै मानिसहरू आफ्नो जीवनमा सफल हुँदैनन् ।
(आ) हामी नेपालीहरूको स्वाभिमान कहिल्यै झुक्नु हुँदैन ।
(इ) हाम्रा अभिभावकहरूको विश्वासका कारण हामी सफल छौँ ।
(ई) आकर्षण शक्तिको सिद्धान्त भलादमी उपर घट्तछ ।

(ख) तलको अनुच्छेदका वाक्यलाई करण भए अकारण र अकरण भए करणमा परिवर्तन गर्नु होस् :
छिरिङको जीवन सुखी छ । उसले दुःखकष्ट झेलेको छैन । यसको बाल्यकाल पनि सुखद थियो । उसले दुःखको अनुभव गरेन । उसले अरूलाई सहयोग गर्न सकेको छ । उसले अरूबाट सहयोग लिनु परेको छैन । अहिलेसम्म उसको जीवन सुखमा बितेको छ । उसले आफ्नो भविष्यको चिन्ता लिनु परेको छैन ।

(ग) तलको अनुच्छेदका वाक्यलाई अभ्यस्त भूत कालमा परिवर्तन गर्नु होस् :

हामी दाजु बहिनी आमाबुबाभन्दा पनि हजुर बुबा र हजुर आमासँग बस्न रुचाउँछौं । हजुर बुबाले हामीलाई रमाइला कथा सुनाउनु हुन्छ । हजुर आमाले सुटुक्क मिठा खाने कुरा दिनु हुन्छ । बाआमा जहिले पनि पढाइकै कुरा गर्नु हुन्छ । हामी पढाइ लेखाइभन्दा पनि खेलकुद र मनोरञ्जनमा ध्यान दिन्छौं । पढाइ लेखाइका साथै हामीलाई मनोरञ्जन पनि चाहिन्छ । केटा केटीको मनोभाव अभिभवकले बुझ्दैनन् । यसको पीडा हामी भोग्छौं ।

९. तल दिइएको अंश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर लेख्नु होस् : १०

शिक्षामा महिलाहरू पछि पर्नुमा आर्थिक तथा सामाजिक कारणहरू नै प्रमुख भए तापनि देशको भौगोगिक बनावट तथा विगतमा राजनीतिक कारण पनि रहेको थियो । शिक्षामा महिला सहभागिता कम हुनुका आर्थिक र सामाजिक कारणहरूका रूपमा आर्थिक विपन्नता, शैक्षिक चेतनाको कमी, परम्परागत सामाजिक धारणा, अन्धविश्वास तथा रुढीवाद, छिटो विवाह, घरायसी काममा महिलाको बढी संलग्नता आदिलाई लिन सकिन्छ । यस्तो अवस्थामा महिला शिक्षाको उपयुक्त विकासका लागि उल्लिखित कारणहरुलाई ध्यानमा राखेर योजना बनाई कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । खास गरी महिला शिक्षाप्रति रहेका नकारात्मक धारणा, अन्ध विश्वास, सामाजिक भेदभाव हटाई शैक्षिक चेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरी सबैले पढन पाउने अधिकारको कदर गर्ने र छोराछोरीहरुलाई स्कुल पठाउने कार्यमा समाजलाई अभिप्रेरित गरिनु आवश्यक छ । त्यसै गरी भौगोलिक दृष्टिले विकट र दुर्गम क्षेत्रहरूमा विद्यालय तथा शिक्षण संस्था खोल्ने कामलाई प्राथमिकता दिनु र विपन्न वर्गका लागि आयमूलक कार्यक्रम तथा उपयुक्त रोजगारीको अवसर सृजना गरिनु आवश्यक देखिन्छ ।

**प्रश्नहरू :**

(क) शिक्षामा महिलाहरू पछाडि पर्नुका कारणहरू के के हुन् ?
(ख) शिक्षामा महिला सहभागिता कसरी गराउन सकिन्छ ?
(ग) महिला शिक्षाको उपयुक्त विकासका लागि कस्ता योजनाहरु आवश्यक हुन्छन् ?
(घ) विपन्न वर्गलाई शिक्षाको अवसर कसरी प्रदान गर्न सकिन्छ ?
(ङ) **संलग्नता** र **अभिवृद्धि** शब्दको अर्थ लेख्नु होस् ।

१०. तल दिइएको अनुच्छेद पढी मुख्य मुख्य पाँच बुँदा टिपोट गर्नु होस् : ५

खगोल विज्ञान विश्व वैज्ञानिक इतिहासमा प्राचीन विज्ञानका रूपमा स्थापित छ । अहिले खगोल विज्ञानका क्षेत्रमा धेरै महत्वपूर्ण उपलब्धिहरू प्राप्त भइ सकेका छन् । यसतर्फको वैज्ञानिक अध्ययन अहिले ज्ञात ब्रह्माण्डीय पिण्डभन्दा पनि अज्ञात ग्रह तथा पिण्डको रहस्य खोतल्न लक्षित भएको छ । स्पष्टतः अहिलेका खगोलविद्हरू ब्रह्माण्ड निर्माणको भौतिक तथा रासानिक प्रक्रियाको अध्ययनमा जुटेका छन् । खगोल विज्ञानको इतिहास केलाउने हो भने हामीले प्राचीन सभ्यतासम्म पुग्नै पर्दछ । उत्पत्ति कालदेखि नै मानव जातिले ग्रह तथा आकाशीय पिण्डहरूका विषयमा जानकारी राख्न गरेको प्रयासलाई खगोल अध्ययनको पहिलो प्रहर मान्न सकिन्छ । ग्रहहरूको प्रक्रिया , जलवायु वा मौसम अनि मौसमको परिवर्तन यी प्राग्मानवका प्रारम्भिक जिज्ञासाहरू थिए । प्राचीन मिश्रका नागरिकहरूले प्रत्येक वर्ष बाढी आउनुपूर्व आकाशमा नक्षत्र एक निश्चित स्थितिमा हुन्छ भन्ने पत्ता लगाए । यो पर्यवेक्षण नै प्रमाणयुक्त खगोल अध्ययनको पहिलो पाइलो थियो । यो खोजपछि नै उनीहरूलाई नक्षत्रयुक्त आकाशको मानचित्र बनाउन सफलता मिल्यो । फलतः मिस्रवासीहरू यसकै आधारमा पञ्चाङ्ग निर्माण गर्न सफल पनि भए र उनीहरूले नै एक वर्षमा ३६५ दिन हुन्छ भन्ने पत्ता लगाए । सूर्य तथा चन्द्र ग्रहणको भविष्य वाणी आजको आधुनिक खगोल विज्ञानमा सहज बनि सकेको छ । प्राचीन बेबिलोन वासीहरू ग्रह तथा नक्षत्रको अध्ययन गरी सूर्य तथा चन्द्र ग्रहणको भविष्य वाणी गर्न पहिलोपल्ट सफल भएका थिए । वर्षलाई महिना , सप्ताह, दिन, घन्टा र मिनेटमा बाँड्ने प्रक्रिया पनि बेबिलोनबाटै प्रारम्भ भएको हो । उनीहरूको सोचाइ थियो - आकाश ठुलो चाल्नी जस्तै छ जसमा असङ्ख्य छिद्रहरू छन् र यिनै छिद्रहरूबाट पृथ्वीमा वर्षा हुन्छ ।

११. कुनै एक प्रश्नको उत्तर दिनु होस् : ५

(क) आफ्नो टोलमा रहेको विद्युतको ट्रान्सफर्मर पड्केर विद्युत आपूर्ति बन्द भएको समस्या अवगत गराउँदै सोको मर्मत गरी विद्युत आपूर्ति सहज गराइ दिन भनी विद्युत प्राधीकरण कार्यलय काठमाडौंका प्रमुखलाई सम्बोधन गरी निवेदन लेख्नु होस् ।

(ख) ग्लोबल कलेजमा हुने कविता प्रतियोगितामा इच्छुक विद्यार्थीलाई सहभागिताका लागि आफ्नो नामदर्ता गर्न लागि अतिरिक्त क्रियाकलाप प्रमुखले कलेजकातर्फबाट दिइने सूचनाको नमुना लेख्नु होस् ।

१२. कुनै एक प्रश्नको उत्तर दिनु होस् : ५

(क) प्रोएड सहकारीका निम्ति अधिकृत स्तरको कर्मचारी माग गरिएको अवस्थामा सोका निम्ति आवश्यक पर्ने आफ्नो व्यक्तिगत विवरण तयार पार्नु होस् ।
(ख) **कालो बजारी** शीर्षकमा १५० शब्दसम्मको एक अनुच्छेद तयार पार्नु होस् ।

१३. तलका कुनै एक शीर्षकमा २५० शब्दसम्मको निबन्ध लेख्नु होस् : १०

(क) लोकतन्त्रको महत्त्व
(ख) व्यवस्थापन शिक्षाको आवश्यकता
(ग) मेरो जन्मभूमि

१४. तल दिइएको 'एक चिहान' उपन्यासको अंश पढी अन्त्यमा सोधिएका दुबै प्रश्नको उत्तर लेख्नु होस् : २×५=१०

शिव नारान गइ सकेपछि अष्ट नारानले माहिला छोरा पुन नारानलाई भने- "तिमी पनि आफ्नो काममा जाऊ पुन नारान ! घर बनाउने काम अब धेरै दिन छैन, बर्सात सुरु भएपछि घर बनाउनेहरू कमै हुन्छन् । जाऊ, मलाई कुरि रहनु पर्दैन । आफ्नै काममा डटि रहू, यही तिम्रो परम कर्तव्य हो ।"

"हात खुछटा बलियो भएपछि काम भनेको सधैं पाइन्छ बा ! तर छोराछोरीका निम्ति बाबु सधैं पाइ रहिन्न । बाको सेवा गर्न पाएपछि त्यस्ता काम लाख आउँछन् ।" पुननारानले भने ।

**प्रश्नहरू :**

(अ) पहिलो अनुच्छेदमा अष्ट नारानको भनाइमा श्रमिक जीवनके कस्तो चित्र प्रस्तुत भएको छ ? स्पष्ट पार्नु होस् ।
(आ) दोस्रो अनुच्छेदमा असल छोराका रूपमा पुन नारानको चरित्र चित्रण गर्नु होस् ।

१५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : २×५=१०

(क) तल दिइएको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस् ।
यो सबै सङ्गत गुनाको फल । ठुला बडाको सङ्गतको विष त महामारी फैले झैं पो फैलन्छ त । यसले हामी जस्ताको त प्राणै चुस्छ ।
**प्रश्नहरू :**

(अ) यो भनाइ कसको हो ?
(आ) "ठुला बडाको सङ्गतको विष त महामारी फैलिए झैँ फैलन्छ" भन्नुको तात्पर्य के हो ?
(इ) यो कथन कथामा कुन सन्दर्भमा भनिएको हो ?
(ई) कुन पात्रले कथामा ठुलाबडासँग सङ्गत गरेके छ ?
(उ) यस कथाको अंशको सार के हो ?

(ख) तल दिइएको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस् :

जहाँहरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल स्वच्छ र न्यानो घाममा
हिमालले सधैँ ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।

**प्रश्नहरू :**
(अ) "हरिया पहाडका फरिया अलिक तल सारेर" भनेको के हो ?
(आ) हिमालले कसरी ढाड सेकेको छ ?
(इ) कवि टाढा रहेर पनि के कुराको सम्झना गरि रहेका छन् ?
(ई) यस कवितांशमा प्रस्तुत मुख्य विषय के हो ?
(उ) **निर्मल** र **ढाड** शब्दको अर्थ लेख्नु होस् ।

(ग) तल दिइएको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस् :

सुनखानी, म फुलसँगै राखेर मनुष्यलाई हेर्छु । मनुष्यका पीडारूपी जीवन हेर्छु । म मेरो गाउँ हेर्छु र देश हेर्छु । म मेरो देशका टुका टुकामा तिम्रै जीवन पाउँछु र तिम्रै पीडा देख्छु । त्यसैले सुनखानी, तिमी मेरो देश हेर्ने ऐना । तिमी मेरो जीवनको आस्था । तिमी मेरो सानो देश र सानो संसार नै हौ ।

**प्रश्नहरू :**
(क) निबन्धकारले मानिसलाई फुलसँग दाँजेर हेर्नुको कारण के हो ?
(ख) निबन्धकारले सुनखानीको चित्रण कसरी गरेकी छन् ?
(ग) निबन्धकारले सुनखानीलाई किन माया गरेकी हुन् ?
(घ) 'तिमी मेरो देश हेर्ने ऐना' भन्नुको तात्पर्य के हो ?
(ङ) देश र सुनखानीका बिच कस्ता सम्बन्ध रहेको छ ?

१६. के रजस्वला, गर्भधारण र सन्तान जन्माउने प्राकृतिक प्रक्रियाकै कारण महिलाहरू पुरुष भन्दा पछि परेका हुन् त ? आफ्नो धारणा लेख्नु होस् : **५**

**सफलताको शुभकामना !**

GLOBAL COLLEGE OF MANAGEMENT

**दोस्रो त्रैमासिक परीक्षा-२०७२**

**कक्षा : ११** **विषय : अनिवार्य नेपाली** **पूर्णाङ्क : १००**

**समय : ३:०० घन्टा** **उत्तीर्णाङ्क : ४०**

**समूह : ख**

१. कुनै एक प्रश्नको उत्तर दिनु होस् : **५**

(क) उच्चारण स्थान र प्रयत्नका आधारमा तलका वर्णलाई चिनाउनु होस् :
ग, भ, म, र, य, ।

(ख) तल दिइएका शब्दको अक्षर संरचना र अक्षर संख्या समेत देखाउनु होस् :
पत्र, दाम, आशामरु, सामाजिकता, परमाधिपति ।

२. शुद्ध गरी पुनर्लेखन गर्नु होस् : **५**

प्रीय सुनखानी ! तिम्रा अरू छोराहरुको खवर के छ ? तिनिहरू तिम्रो बक्षस्थलको ताताले नपुगेर सम्साँझैदेखि वोतलभित्रको शिरकमा लपेटिएर हिँडछन् रे, तिम्रा छोरीहरू आफ्नै दाजुभाई देख्दा पनि बाघ नै देखे झैँ तर्सेर रुँदै तिम्रा खोकिलामा टाउको लुकाउन आउँछन् रे ! तिमीले ममताको कशम खुवाइनौ तिनीहरुलाई,

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको पदवर्ग पहिचान गरी लेख्नु होस् :
बस्दाबस्दै उसले लोग्ने चाहिँ रुँदै बाहिर आएको देखी । उसले सुनी - त्यो आइमाई मरिछ । "कस्तो उदेक, हत्तेरिका !" **३**

४. तलको अनुच्छेदबाट दुई ओटा तत्सम र दुई ओटा आगन्तुक शब्द खोजी लेख्नु होस् : **२**

हाइ स्कुलका यी छात्राहरू अहिले कलेजमा पुगेकाले मेरो मनमा यिनीहरूप्रति स्याबासी जनाउने विचार छ र दुई अढाइ वर्षअगि नै देशका विभिन्न भागमा आइमाईहरूको शैक्षिक अवस्था जान्न खोज्ने यी छात्राहरु अचेल के कस्तो विचार गर्दा हुन् ?

५. कुनै दुई प्रश्नको उत्तर दिनु होस्: **२×३=६**

(क) तलको अनुच्छेदबाट तिन ओटा उपसर्ग व्युत्पन्न र तिन ओटा प्रत्यय व्युत्पन्न शब्द टिपी निर्माण प्रक्रिया समेत देखाउनु होस् :
स्वदेश तथा विदेशका मानिसको व्यावसायिक सफलताको जानकारी हासिल गरेका आजका युवाहरुमा सरकारी तथा वैदेशिक रोजगारभन्दा उद्यमशीलतातर्फ निरन्तर अग्रसर हुन खोज्नु प्रगतिशील सोचको परिणाम हो भन्न सकिन्छ ।

(ख) तलको अनुच्छेदबाट ३ ओटा समस्त शब्द र ३ ओटा द्वित्व शब्दहरू खोजी समस्त शब्दलाई विग्रह र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनु होस् :
महाभूकम्पको त्रासपूर्ण जीवन भोगाइले आहात भएका हामी नेपालीहरूले हाम्रा मित्र राष्ट्रहरुबाट सरसहयोगको अपेक्षा गर्नु स्वभाविक नै हो । देशभित्रका केही ससाना झैझगडालाई आधार बनाएर छिमेकीले नाकाबन्दीसम्म गर्ने कार्यले हाम्रो दुखिरहेको घाउमा नुनचुक छर्किनु जतिकै पिडाबोध भएको छ ।

(ग) तलको अनुच्छेदबाट ६ ओटा सन्धियुक्त शब्दहरू टिपोट गरी तिनको सन्धिविच्छेद समेत गर्नु होस् :
नेपाल भौतिक रूपमा विकसित छैन तर पर्यावरणीय सौन्दर्य र संस्कृतिमा सम्पन्न छ । यहाँ पर्यटनको प्रचूर सम्भावना छ । यहाँको हरियाली वन चम्किला हिमालहरू अनि मनोरम प्राकृतिक दृश्य नै पर्यर्टन पव्रर्द्धनका निम्ति पर्याप्त छन् ।

६. कुनै एक प्रश्नको उत्तर दिनु होस् : **५**

(क) तलको अनुच्छेदका वाक्यहरूलाई प्रथम पुरुषमा परिवर्तन गर्नु होस् :
तिमीहरू त अब विदेश जाने भएछौ । यो देशको दुर्दशा तिमीहरूले भोग्नु पर्दैन । देशको घाउ चहराइ रहेको बेलामा के विदेशमा तिमीहरू आनन्द लिन सक्लाऊ ? त्यहाँ देशको पीडाले तिम्रो मन पनि पोल्छ होला । सायद देश शान्त नभएसम्म तिमीहरूले पनि शान्ति पाउने छैनौ ।

(ख) तलको अनुच्छेदका वाक्यहरूलाई संभावनार्थ भावमा परिवर्तन गर्नु होस् :
हाम्रो देश पनि समृद्ध र विकसित देशको रूपमा देखा पर्छ । यहाँको प्राकृतिक सम्पदाको उपयोग हुन्छ । जलविद्युतको विकासले देश समृद्ध बन्छ । पूर्व पश्चिम तथा उत्तर दक्षिण बुलेट रेल चल्छ । यहाँका जनता आधुनिक समृद्ध जीवन बाच्न पाउँछन् ।

७. कुनै एक प्रश्नको उत्तर दिनु होस्: **६**

(क) तलको अनुच्छेलका रेखाङ्कित पदहरुको कारक र विभक्ति पहिचान गर्नु होस् :
यस पालि शैक्षिक भ्रमणका लागि चाँगुनाराण गइयो । कलेजबाट त्यहाँको दुरी करिब दस किलोमिटर रहेछ । हाम्रो कक्षाका सबै साथीहरू कलेज बसबाट त्यहाँ गयौं । हामी अर्थशास्त्र विषयको सर्वेक्षण तथ्याङ्क संकलन हेतु त्यहाँ गएका थियौँ । हामीले त्यहाँका पर्यटन व्यवसायीलाई उनीहरूको व्यवसायका सम्बन्धमा विभिन्न प्रश्न सोध्यौँ । भूकम्पले गर्दा त्यहाँको पर्यटन व्यवसाय चौपट भएको कुरा उनीहरुले सुनाउँदा हामीलाई दुःख लाग्यो । उनीहरूको पिडायुक्त घाउमा मलम लगाउन सक्ने शब्द बाहेक अरू कुरा हामीसँग केही थिएन ।

(ख) तलको अनुच्छेदका वाक्यहरूलाई सामान्य पदक्रम मिलाई पुनर्लेखन गर्नु होस् :
सभ्यताको आदिकालमा पुरुषलाई बनाएका थिए सभ्य महिलाले । बिहे गरेर ल्याउँथे महिलाहरू पुरुषलाई आफ्नो ओडारमा । पुरुष अहिले ल्याउँछ महिलालाई दाइजोको लावालस्कर सहित आफ्नो घरमा । परे पछि धेरै महिलाहरू अहिले पुरुषको तुलनामा । हिँड्नुपर्छ अब सँगसँगै दुबैले समान उन्नतिका निम्ति ।

८. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : २×४=८

(क) तलका वाक्यको उद्देश्य र विधेय पहिचान गरी लेख्नु होस् :

(अ) समयमा वृक्षारोपण नगर्दा पहिरोले खेत बगायो ।

(आ) मौसम अनुसार परिवर्तन हुने विचारले देशको दिगो विकास हुँदैन ।

(इ) मेरो भाइ समयमा नै आफ्नो काम गर्छ ।

(ई) हामी कसैको पनि कुभलो हुने काम गर्दैनौं ।

(ख) तलको अनुच्छेदका वाक्यलाई करण भए अकारण र अकरण भए करणमा परिवर्तन गर्नु होस् :

हाम्रा साथीहरू स्वावलम्बी छन् । उनीहरू आफ्ना कामका लागि कसैको भर पर्दैनन् । उनीहरूको यही गुणको प्रशंसा सबैले गर्दछन् । समाजका रुढीवादी कुरा उनीहरू विश्वास गर्दैनन् । उनीहरु सकारात्मक कुराको पक्षपोष गर्छन् । अव्यावहारिक कुरा गरेर समय खेर फाल्ने कामको पछि कहिल्यै लाग्दैनन् । उनीहरु प्रगतिशील विचारका छन् । कसैको पनि अनावश्यक निन्दा गर्न उनीहरू अग्रसर हुँदैनन् ।

(ग) तलको अनुच्छेदका वाक्यलाई अज्ञात भूत कालमा परिवर्तन गर्नु होस् :

नेपालमा जहानिया राणा शासनका विरुद्ध आन्दोलन भयो । आन्दोलनको माग प्रजातन्त्रको बहाली र निरङ्कुश जहानिया राणा शासनको अन्त्य रहेको थियो । आन्दोलनमा राजा, प्रजा र विभिन्न राजनीतिक दलहरू सहभागी भए । राजा त्रिभुवनले राजगद्धी त्यागे । राजनीतिक शरणका लागि राजा त्रिभुवन भारत गए । तत्कालीन राणा शासकले आन्दोलनको भार खप्न सकेनन् । दिल्लीमा त्रिपक्षीय सम्झौत भयो । नेपालमा प्रजातन्त्र बहाली भयो । उनै राणा प्रधानमन्त्री मोहन समशेरको नेतृत्वमा नयाँ सरकार गठन भयो ।

९. तलका अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् : १०

मानव जीवनमा विपत्तिका पर्याप्त सम्भावना छन् । हाम्रो जीवनको कुनै भर छैन । किसानले पालेका गाईभैंसी अचानक मर्न सक्छन् । तपाईंको जीवनमा रोग लाग्न सक्छ । सानोतिनोदेखि ठूलो व्यापारमा आगलागी र चोरी हुन सक्छ । कसले भन्न सक्छ र कुनै पनि व्यवसाय जोखिम मुक्त छ भनेर ! यस्तो समस्या मानव समाज वा समुदायमा निरन्तर आइ रहन्छ । यस्तो अवस्थामा देखा पर्ने ठूलो वा सानो नोक्सानी वा हानिलाई आपसी सहयोग र सम्झौताका आधारमा आर्थिक रूपमा क्षतिपूर्ति प्रदान गरिने व्यवस्थालाई नै बिमा भनिन्छ ।

बिमामा जोखिमबाट मुक्ति खोजिन्छ । बिमा गर्नु जोखिम घटाउने उपाय हो । त्यसैले बिमा गर्न जोखिम हुनै पर्छ । बिमाको सम्बन्धमा कुनै न कुनै रूपमा जोखिमसँग जोडिएको हुन्छ ।

हरेक सम्झौता दुई पक्षका बिच सम्पन्न हुन्छन् । बिमा पनि दुई पक्षका बिचमा हुने सम्झौता हो । बिमा गर्दा कम्पनी र बिमा गर्ने व्यक्तिका बिचमा सम्झौता गरिन्छ । यसका लागि बिमा कम्पनीले बिमा शुल्क लिन्छ र यस्तो शुल्क आंशिक वा एकमुस्ट रूपमा बिमितले कम्पनीलाई भुक्तान गर्दछ । यस्तो अवस्थामा व्यक्ति वा बिमाको विषय वस्तुमा हानीनोक्सानी भएमा आफूले स्वीकार गरे अनुसारको क्षतिपूर्ति बिमा कम्पनीले बेहोर्ने गर्दछ । यस्तो क्षतिपूर्ति सकार्ने माध्यम संसारमा बिमा बाहेक अरु केही पनि छैन ।

बिमा जीवनमा आइ पर्ने आपत्तिको सहारा हो । आर्थिक रूपमा पर्ने अप्ठ्यारोबाट मुक्ति पाउने उपाय हो । यसमा बिमक र बिमित दुबैका हित र चाहना प्रतिविम्बित भएका हुन्छन् । तिनलाई कानुनी रूप प्रदान गरिएको हुन्छ । कानुनी रूपमा स्वीकार्य हुने हुँदा बिमा कम्पनीले बिमाको विषय वस्तुमा भएको हानीनोक्सानी बापतको क्षतिपूर्ति दिनैपर्ने हुन्छ । त्यसैले यसलाई दुई पक्ष बीचको करार भनिन्छ । करारमा दुबै पक्षले स्वीकार गरेका सर्त वा नियम पालना गर्नुपर्ने हुन्छ ।

बिमितले पनि सर्त अनुसारको बिमाशुल्क नियमित रूपमा भुक्तान गर्नै पर्दछ ।बिमाको क्षेत्र व्यापक छ । तपाई यातायातको साधनदेखि आगलागीसम्म, शरीरका अङ्गदेखि अङ्गभङ्ग र मृत्युसम्म, सम्पत्तिको सबै प्रकारका जोखिमदेखि दायित्वसम्म बिमा गर्न वा गराउन सक्नु हुन्छ । यसमा हुने आर्थिक नोक्सानीको क्षतिपूर्ति दिनु बिमा कम्पनीको कर्तव्य हुन्छ । त्यसैले अहिले बिमा मानिसको जिवन शैली र व्यवहार बन्ने चरणमा छ । बिमा गरेर ढुक्क हुनु मानिसको कर्तव्य र दायित्व दुबै हो । सरकारले पनि बिमाका बारेमा पर्याप्त सचेतताका लागि जनतामा आह्वान गर्दछ ।

आफ्ना नागरिक जोखिमबाट मुक्त होऊन् भन्ने चाहनाका साथ सरकारले जोखिम न्यूनीकरणका लागि नागरिकलाई बिमाको विषयमा आह्वान गरेको हो ।

**प्रश्नहरू**

(क) बिमा भनेको के हो ?

(ख) बिमाबाट दुई पक्षलाई के कस्तो फाइदा छ ?

(ग) के के हुँदा बिमा गराउन सकिन्छ ?

(घ) सरकारले किन आफ्ना जनतालाई बिमाका निम्ति आह्वान गर्दछ ?

(ङ) 'बिमक' र 'बिमित' शब्दको अर्थ लेख्नु होस् ।

१०. तलको अनुच्छेदलाई एकतृतीयांशमा सङ्क्षेपीकरण गर्नु होस् ५

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । सुदूर पश्चिमको सुर्खेत उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा उपत्यका, चितवन नवलपुर उपत्यका, काठमाडौं उपत्यका, सिन्धुली माडी उपत्यका र अरुण नदी किनारका अनेक उपत्यका छन् । भूगर्भ वेत्ता विद्वान्हरूको भनाइ अनुसार यी उपत्यकामा पहिले जल भरिएको थियो र करिब अढाई लाख वर्ष पहिले यी उपत्यकाबाट पानी निस्केर बाहिर गयो । सम्भवत: यी सबै उपत्यकाको पानी त्यसपछि नै खुल्यो । पानी बगेर गएपछि यहाँ जङ्गल भयो र जीवजन्तु पनि आफ्नो आहाराको खोजीमा यसतर्फ सिकार गर्न पसे । पहिले मानवको जीवन यायावरीय भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दश हजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाण युगको क्रममा थियो । तर इसापूर्व सात हजार देखि पाँच हजार वर्षतिर आएर मानवले आफ्नो जीवन नव पाषाण युगमा पुऱ्यायो । यस समयमा मानवले कृषिकर्म अपनाउन थालि सकेको थियो ।

११. कुनै एक प्रश्नको उत्तर दिनु होस् : ५

(क) आफ्नो नव निर्मित भवनमा खानेपानीको धारा जडान गरि दिन अनुरोध गर्दै नेपाल खाने पानी संस्थान काठमाडौँका प्रमुखलाई सम्बोधन गरी निवेदन लेख्नु होस् ।

(ख) भर्खरै खुलेको जनता बैङ्क नेपालमा खाता खोल्नका लागि ग्राहक वर्गलाई अनुरोध गर्दै बैङ्कका तर्फबाट पत्रिकामा प्रकाशित हुने एउटा आकर्षक विज्ञापनको नमुना तयार पार्नु होस् ।

१२. कुनै एक प्रश्नको उत्तर दिनु होस् : ५

(क) नेपाल इन्सोरेन्स कम्पनी बानेश्वर काठमाडौँमा आवश्यकता भएको अधिकृत पदका लागि दर्खास्त दिनका लागि आफ्नो व्यक्तिगत विवरण तयार गर्नु होस् ।

(ख) 'नाकाबन्दीले जनजीवनमा' पारेको प्रभाव शीर्षकमा एउटा अनुच्छेद लेख्नु होस् ।

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा ३०० शब्दमा नघटाई निबन्ध रचना गर्नु होस् : १०

(क) संविधानको महत्व

(ख) हाम्रो जल सम्पदा र यसको उपयोग

(ग) अधिकार र कर्तव्य

१४. तल दिइएको 'एक चिहान' उपन्यासको अंश पढी अन्त्यमा सोधिएका दुबै प्रश्नको उत्तर दिनु होस् : २×५=१०

आफ्नो जाति र समाजमा भएको मर्दापर्दा दान दक्षिणा दिने र भात भतेर ख्वाउने इत्यादि करै लाग्ने चाल चलनमाथि अष्ट नारान घृणा र आलोचना मात्र गर्ने होइन, आक्रमण गरी उघाड नै खुवाइ आइ रहेका थिए । मर्दा नजिकका नाता, सम्बन्धीहरू रोएर विचाः आउने प्रथा उनले बन्द गरि दिएका थिए । शिव नारान र उनका भाइहरू पनि बाबुको क्रान्तिकारी विचारबाट प्रभावित थिए । त्यसैले उनीहरूले पनि बाबुको नाममा दान दक्षिणा दिने र भोजभतेर खुवाउने कुनै पनि काम गरेका थिएनन् । 'बाबुप्रतिको हाम्रो परम श्रद्धा यही हो' भन्ने उनीहरूको भनाइ थियो ।

**प्रश्नहरू :**

क. माथिको अनुच्छेका आधारमा अष्ट नारानका चारित्रिक विशेषता लेख्नु होस् ।

ख. 'एक चिहान' उपन्यासले सामाजिक कुसंस्कारका विषयमा कस्तो दृष्टिकोण प्रस्तुत गरेको छ ? लेख्नु होस् ।

१५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : २×५=१०

(क) तल दिइएको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस् :

भौतिक शरीरको सौन्दर्य जीवनको सम्पूर्णता होइन, मान्छेको मन चाहिँ कदापि कुरूप हुनु हुँदैन । यो सहरको स्पर्शले यस शरीरलाई कुरूप बनाए पनि मन भने तिमीले जस्तो बनाइ दिएकी छौ, त्यस्तै छ । त्यसैले त म तिमीभन्दा यति पर बसेर पनि तिम्रै मायाले द्रवीभूत भएकी छु र यी प्रत्येक अक्षर रूपमा पग्लिँदै पग्लिँदै झरि रहेकी छु ।

**प्रश्नहरू :**

(अ) 'भौतिक शरीरको सौन्दर्य जीवनको सम्पूर्णता होइन' भन्नुको तात्पर्य के हो ?

(आ) निबन्धकारका दृष्टिमा मान्छेलाई शरीर वा मन केले सुन्दर बनाउँछ र किन ?

(इ) निबन्धकारले मन किन नफेरिएको हो ?

(ई) निबन्धकारको सुनखानीप्रतिको माया कसरी पग्लिएको छ ?

(उ) 'कुरूप' र 'द्रवीभूत' शब्दको अर्थ के हो ?

(ख) तलको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस् :

म तिम्रो मृतदेहसँग जिउँदै मर्न सक्छु
म तिमीहरूको सामूहिक बलात्कार खपेर बाँच्न सक्छु
तिमीलाई त यसो कहिल्यै भएन,
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ
तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भ धारणको अतिशय पट्यार लाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसव कालको सीमातीत कष्ट भोग्नु पर्दैन ।

**प्रश्नहरू :**

(अ) पहिलो पङ्क्तिमा कविले के भन्न चाहेकी हुन् ?

(आ) कविले 'म' का कस्ता समस्या प्रस्तुत गरेकी छन् ?

(इ) 'तिमी' ले नभोगेका कुराका माध्यमबाट कविले भन्न खोजेका कुराहरू के के हुन् ?

(ई) सामुहिक बलात्कार, रजस्वला, अस्मिता, गर्भ धारण र प्रसव अवस्थाका कारणले नै महिलाहरू पछाडि परेका हुन त ?

(उ) "तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन" भन्नुको तात्पर्य के हो ?

(ग) तलको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस् :

आपद् विपद् जहाँ पनि छ । हो, हुरीले बिगाऱ्यो तर अब सबै ठिक बनाइ हाल्छौं, कुनै नसकिने काम होइन त्यति गर्न । आफ्नो घर छ, गोठ छ, गोठमा गाईहरू छन्, बारी छ , बारीमा तिस चालिस झ्याङ बाँसहरू छन् , गगुन र नेभाराका रूखहरू छन् काँक्राको लहरा आकाशतिर जाँदै छ ......... हुरीले कति पो बिगार्न सक्छ र ? इ : अब गएर बनाइ हाल्नु पर्छ ।

**प्रश्नहरू :**

(क) यो भनाइ कसको हो ?

(ख) 'आपत् विपत् जहाँ पनि छ ' भन्नुको तात्पर्य के हो ?

(ग) यस उद्धरणमा निश्चिन्तताको प्रस्तुति कसरी गरिएको छ ?

(घ) उद्धरण अनुसार कथाको टुङ्ग्याउनी कसरी गरिएको छ ?

(ङ) यस कथांशले कस्तो परिवेश प्रस्तुत गरेको छ ?

१६. आइमाई साथी निबन्धमा व्यक्त निबन्धकारको विचारप्रति आफ्नो् प्रतिक्रिया लेख्नु होस् । ५

**सफलताको शुभकामनाा !**